# काठेखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बिहुँकोट, बागलुङ

पत्र संख्या:०८२/०८३ गण्डकी प्रदेश, नेपाल

चलानी नं.:


### तह वृद्धिको लागि आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना ।

**सूचना न. : ०१/२०८२-०८३ (तहवृद्धि)**

**प्रथम पटक प्रकाशन मिति : २०८२/०९/२४**

स्थानिय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ९ र दफा २७ मा भएको तह वृद्धिको व्यवस्था बमोजिम तपसिलमा उल्लेखित शर्तहरु पुरा भएका काठेखोला गाउँपालिकाका स्थानीय सेवामा कार्यरत ईच्छुक स्थायी कर्मचारीहरुले देहायका आबश्यक कागजातहरु सहित तहवृद्धिको लागि मिति २०८२/०९/३० गते भित्र स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को अनुसूचि १५ बमोजिमको ढाँचामा २ प्रति आवेदन फाराम नेपाली कागजमा भरी पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद नाघि प्राप्त हुन आएका, अपुरो विवरण भरी पेश गरेका र आवश्यक कागजात संलग्न नगरेका आवेदन माथि कुनै कारवाही नगरिने र तहवृद्धि प्रकृयामा समावेश नगरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

क. स्थानीय सेवाको स्वास्थ्य सेवा बाहेकको अन्य सेवामा कार्यरत कर्मचारीको हकमा:

१. सहायक स्तर पाँचौ तथा अधिकृतस्तर छैटौं तह (प्राविधिक/ अप्राविधिक) को पदमा हुने तहबृद्धिको लागि क्रमशः सहायक स्तर चौथो र सहायकस्तर पाँचौ तहको पदमा पाँच वर्ष सेवा अवधि पुरा गरेको हुन पर्नेछ।

२. अधिकृतस्तर छैटौं तह (प्राविधिक/ अप्राविधिक) को पदमा हुने तहबृद्धिको लागि सहायक स्तर पाँचौ तहको पदमा पाँच वर्षको कार्यसम्पादन मुल्याङ्कनमा कम्तिमा पन्चानब्बे प्रतिशत औषत अंक प्राप्त गरेको हुनु पर्नेछ।

३. स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ३१ बमोजिम तहवृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ।

ख. स्थानीय सेवाको स्वास्थ्य सेवामा कार्यरत कर्मचारीको हकमा:

१. स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा २७ को उपदफा (३) बमोजिम साबिक नेपाल स्वास्थ्य सेवाको पदमा नियुक्ति भई समायोजन ऐन बमोजिम समायोजन भएका स्वास्थ्य सेवाको कर्मचारीको लागि स्वास्थ्य सेवा ऐन, २०५३ एवं स्वास्थ्य सेवा नियमावली, २०५५ बमोजिमको शर्त र अवधि पुरा भएको हुनु पर्नेछ।

२. स्वास्थ्य सेवा ऐन, २०५३ एवं स्वास्थ्य सेवा नियमावली, २०५५ बमोजिम स्तर वृद्धिको लागि आवश्यक पर्ने कागजात संलग्न हुनु पर्नेछ।

३. स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ क बमोजिम नकरात्मक सूचीमा नपरेको हुनु पर्नेछ।

४. स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूचि ११ बमोजिमको अति दुर्गम वा दुर्गम भौगोलिक क्षेत्रमा सेवा गरेको अवधिको शाखा प्रमुखबाट प्रमाणित सिफारीस पत्र साथै अति दुर्गम वा दुर्गम भौगोलिक क्षेत्रमा सेवा गरेको रुजु हाजिरी एवं अवधि खुल्ने कागजातहरु, कामकाज गर्न खटाएको पत्र, रमाना पत्र र हाजिरी भएको जानकारी पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

मुक्ति पौडेल
प्रमुख प्रशासकीय अधिकृत


Email : Kathekholagahunpalika123@gmail.com, http://kathekholamun.gov.np

५. साबिक नेपाल स्वास्थ्य सेवाको पदमा नियुक्ति भएका कर्मचारीहरुले यस गाउँपालिकामा समायोजन भएको पत्र पेश गर्नु पर्नेछ।

६. स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ३१ बमोजिम तह वृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनु पर्नेछ।

ग. स्थानीय सेवाको सबै सेवा समुहमा कार्यरत कर्मचारीहरुले आवेदन साथ खुलाउनु पर्ने तथा संलग्न गर्नु पर्ने अन्य विवरण तथा कागजातहरु:

१. आवेदन फारामको सम्पूर्ण महलहरुमा उल्लेख भएको विवरणहरु स्पष्ट सँग भर्नु पर्नेछ।

२. सुरु नियुक्ति पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ।

३. तह वृद्धि हुने भन्दा एक तह मुनिको तह वा श्रेणीमा भएको स्थायी नियुक्ति वा स्तर वृद्धिको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ।

४. कर्मचरी समायोजन ऐन, २०७५ बमोजिम काठेखोला गाउँपालिकामा समायोजन भएको पत्रको प्रमाणित प्रतिलिपी र पदस्थापन पत्रको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ।

५. कर्मचारीको अद्यावधिक विवरण (PIS)।

२०८२/०३/२४

मुक्ति पौडेल

प्रमुख प्रशासकीय अधिकृत